बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय, चितवन

## उत्पादक, व्यवसायी एवम् उपभोक्ता महानुभावहरूमा अनुरोध

### प्याकिङ्ग भएका वस्तुको लेबलमा अनिवार्य हुनुपर्ने निम्न कुराहरू छ, छैन हेर्ने गरौं

१. उत्पादनको नाम, ठेगाना, उद्योग दर्ता नं. र खाद्य वस्तुको हकमा खाद्य अनुज्ञा पत्र नं.
२. खाद्य पदार्थ, औषधि र सौन्दर्य जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,
३. गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर, वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट)
४. निश्चित अवधिभित्र उपभोग गरिक्नुपर्ने वस्तु भए त्यस्तो अवधि, वस्तुको बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति
५. इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी वा वारेन्टी र ग्यारेण्टी र वारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा, वस्तु तथा सेवामा कुनै त्रुटी देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था
६. प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनुपर्ने पूर्व सावधानी सम्बन्धी विवरण, वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रक्रिया नपुर्‍याई प्रयोग गर्दा हुन सक्ने हानी नोक्सानी
७. मानव स्वास्थ्यलाई हानी पुर्‍याउने खालका पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिह्नको प्रयोग र तोकिए बमोजिमका अन्य कुराहरू

### प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ का निम्न प्रावधानबारे जानकारी राखौं

१. सम्बन्धित निकायमा दर्ता नगरी खोलिएको फर्मलाई दर्ता गर्ने निकायले दस हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
२. फर्म दर्ता गर्दा झुठ्ठा विवरण दाखिल गर्नेलाई दर्ता गर्ने निकायले पाँच हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
३. सम्बन्धित निकायमा दिनुपर्ने सूचना/विवरण तोकिएको म्यादभित्र नदिने वा झुठ्ठा विवरण दिने फर्मलाई तोकिएको निकायले चालिस हजार रूपैयाँ जरिवाना हुन सक्ने।
४. बिल बिजक नराखेमा दस हजारदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
५. वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने, सेवा वस्तुको कृत्रिम अभाव सिर्जना, जम्माखोरी वा बिक्री गर्ने, बिक्री गरेको बस्तु वा सेवाको बिल वा बीजक जारी गर्न इन्कार गर्ने वा बिल बीजक जारी नगर्ने वा बिल बीजक जारी गर्दा थप रकम माग्ने, उपभोग गर्नुपर्ने अवधि व्यतित भैसकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई बस्तु बिक्री गरेमा दुई लाख पचास हजारदेखि तीन लाख रूपैयाँसम्म जरिवाना हुन सक्ने।
६. कुनै वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकारले कृत्रिम अभाव खडा गर्ने, निर्धारित समय वा स्थानमा मात्र वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिको अन्य कुनै काम गरेमा पचासहजारदेखि पचहत्तर हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
७. उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको मूल्य स्पष्ट रूपमा उल्लेख नगरेमा, दर्ताको प्रमाणपत्र, इजाजत पत्र बिक्री स्थलमा सर्वसाधारणले देख्नेगरी नराखेमा पचासहजारदेखि पचहत्तर हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
८. निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निजलाई सम्बन्धित व्यक्ति वा अरु कसैले बाधा विरोध गरेमा बीस हजार रूपैयाँ जरिवाना हुन सक्ने।
९. उद्योग, व्यवसायस्थल साधारण फोहरमैला भएमा पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।
१०. रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला भएमा फोहरको मात्रा र प्रकृति हेरी दुई लाख रूपैयाँसम्म जरिवाना हुन सक्ने।
११. मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने फाल्ने गरेमा पचास हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने।

---

हरेक उपभोक्ता सचेत बनौं, उत्पादक, बिक्रेता वा आपूर्तिकर्ताले उपभोक्ता संरक्षण ऐन, २०७६ र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ ले तोकेका प्राबधानहरूको अनिवार्य पालना गरौं। शंकास्पद वस्तु बिक्री गरेको वा उपभोक्ता हक हनन् वा ठगी भएको अवस्थामा जिल्ला कार्यालय चितवन, उद्योग तथा वाणिज्य कार्यालय चितवन, जिल्ला प्रहरी कार्यालय चितवन वा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय चितवनमा उजुरी गरौं वा निम्न नम्बरहरूमा सीधै सम्पर्क गरी गुनासो दर्ता गराऔं।

**तपसिल**

९८५५०८८८९१ जिल्ला प्रशासन कार्यालय, चितवन
९८५५०९२२१० उद्योग तथा वाणिज्य कार्यालय, चितवन
९८५५०३४१४५ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, चितवन
०५६-५९४२५५ जिल्ला प्रहरी कार्यालय, चितवन

**उद्योग तथा वाणिज्य कार्यालय चितवनबाट उपभोक्ता हितमा जारी गरिएको**